SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS FORUM

# Sancharika Samuha

WOMEN COMMUNICATORS' FORUM

*Promoting Communication for Equality*

*मिति: २०७०।०२।०२*

## प्रेस विज्ञप्ति

सञ्चारिका समूह नेपालद्वारा स्थापित **'सञ्चारिका समानता पुरस्कार २०६९'** नेपाल साप्ताहिकमा प्रकाशित **'चेलीको चित्कार'** फिचरका लागि जनकराज सापकोटा र मनबहादुर बस्नेतलाई संयुक्त रुपमा प्रदान गर्ने निर्णय गरिएको छ । उक्त पुरस्कारको राशि रु. १५ हजार (पन्ध्र हजार) रुपैयां रहेको छ । उक्त फिचर **२०६९ साल पुष २२ गते (January 6, 2013)** प्रकाशित भएको थियो । पुरस्कारका लागि समूहले गत २०६९ वैशाख १ गतेदेखि २०६९ चैतसम्म छापिएका लैङ्गिक समानतामा आधारित समाचार/लेख/फिचरबाट छनोट गरेको थियो । छनोट गरिएका फिचरहरु तीन सदस्यीय निर्णायक मण्डललाई उपलब्ध गराइएको थियो । पुरस्कार छनोट समितिमा वरिष्ठ पत्रकार **मोहन मैनाली**, नेपाल पत्रकार महासंघका उपाध्यक्ष **यशोदा तिम्सिना** र सञ्चारिका समूहकी उपाध्यक्ष **सुचित्रा श्रेष्ठ** रहनुभएको थियो । छनोट समितिले समाचार/लेख/फिचरको शैली, विषयवस्तु, सन्देश, लैङ्गिक संवेदनशीलता, अन्वेषणजस्ता विषयवस्तुलाई आधार बनाएर मूल्याङ्कन गरेको थियो । पुरस्कारका लागि छनोट भएका समाचार/लेख/फिचरमा सञ्चारिका समूहको मासिक प्रकाशन **'सञ्चारिका फिचर सेवा'** मा प्रकाशित लेख र समूहका कार्यसमितिमा रहेका पदाधिकारीहरूको समाचार/लेख/फिचर समावेश गराइएको थिएन । साथै छनोट तथा मूल्याङ्कन प्रक्रियालाई निष्पक्ष बनाउनका लागि छनोट समितिलाई सामग्रीहरू उपलब्ध गराउँदा पत्रकार र पत्रिकाको नाम समेत खुलाइएको थिएन ।
**'समानताका लागि सञ्चार'** भन्ने आफ्नो मूल नारालाई सफल रूपमा अघि बढाउने उद्देश्यले सञ्चारिका समूहले २०५७ सालदेखि हरेक वर्ष यो पुरस्कार प्रदान गर्दै आएको छ ।
यसैगरी **'स्व. उमा सिंह पत्रकारिता पुरस्कार २०६९'** चितवनबाट पत्रकारिता गर्दै आएनुभएकी पत्रकार **चाँदनी हमाल**लाई दिने निर्णय गरिएको छ । पत्रकार हमाल नागरिक दैनिकमा कार्यरत हुनुहुन्छ । स्व. पत्रकार उमा सिंहको नाममा स्थापना गरिएको उक्त पुरस्कार महिला पत्रकारहरूलाई पेशामा थप उत्साह बढाउनका लागि २०६६ सालमा स्थापना भएको हो । उक्त पुरस्कारको राशि रु. ७,१११।- (सात हजार एक सय एघार) रहेको छ ।

यसैगरी **'सञ्चारिका प्रोत्साहन पुरस्कार २०६९'** सामुदायिक सुचना नेटवर्कका सम्वादाता सविता विश्वकर्मा र तराई टेलिभिजनका सम्वाददाता स्नेहा झालाई दिने निर्णय गरिएको छ । पत्रकार विश्वकर्मा र झा दुवैजना काठमाण्डौबाट पत्रकारिता गरिरहनुभएको छ । छोटो अवधिमा सक्रिय भई पत्रकारिता गर्ने महिला पत्रकारहरूलाई पेशामा थप उत्साह बढाउन सहयोग पुरयाउने उद्देश्यले २०६२ सालमा **'सञ्चारिका प्रोत्साहन पुरस्कार'** स्थापना गरिएको हो ।उक्त पुरस्कारहरु यही जेठ १२ गते (मे २६, २०१३) का दिन समूहको काठमाडौंमा हुने १७ औं वार्षिकोत्सव तथा वार्षिक साधारण सभाको उदघाटन समारोहका अवसरमा प्रदान गरिनेछ ।

नितु पण्डित
महासचिव

P.O. Box 13293, Kathmandu, Nepal phone: 977-1-5385489, 5467156 fax: 977-1-5472918 email: sancharika@wlink.com.np
websites: www.sancharika.org ~~www.mahileweb.org~~